# नयाँ शक्ति पार्टी, नेपाल
# Naya Shakti Party, Nepal
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं


मिति : २०७४/११/२८

प.सं. : ०७४/०७५
च.नं. : १८४

## राष्ट्रपति निर्वाचन सम्बन्धमा प्रेस विज्ञप्ती ।

भोलि मिति २०७४/११/२९ गते हुन गइरहेको राष्ट्रपतिको निर्वाचन सम्बन्धमा बसेको पार्टी सचिवालयको आकस्मिक बैठकले निम्न निर्णय गरेको छः

१. नयाँ शक्ति पार्टी, नेपाल प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीको पक्षमा निरन्तर पैरवी गर्दै आएको पार्टी हो । पार्टीको यो नीति र दृष्टिकोणप्रतिको प्रतिबद्धता कायमै छ ।

२. संसदीय लोकतन्त्रमा संवैधानिक राष्ट्रपतिको भूमिका तटस्थ, निश्पक्ष, मर्यादापूर्ण र दलीय आग्रहभन्दा माथि हुनु पर्दछ । तर विगतका कतिपय अभ्यासहरु संवैधानिक राष्ट्रपतिको पदीय मर्यादा र सीमाभन्दा बाहिर गएको देखिन्छ । दलहरुले दलीय आग्रहभन्दा माथि उठेर राष्ट्रिय व्यक्तित्वलाई अघि सार्न सकेको देखिँदैन । यस प्रकारका अभ्यास भविष्यमा पुनरावृत्ति नहुने कुनै प्रत्याभूति छैन । त्यसैले यस्ता अभ्यासलाई समर्थन गरिरहनु वाञ्छनीय देखिँदैन ।

उपरोक्त कारणले गर्दा नयाँ शक्ति पार्टी, नेपाल राष्ट्रपति तथा उप-राष्ट्रपतिको निर्वाचन प्रक्रियामा सामेल हुने छैन ।

......................
डम्बर खतिवडा
प्रवक्ता
९८५२०४८८६१

......................
प्रशान्त सिंह
प्रवक्ता
९८५१०३४१०६


Phone No. 01-4238273, 01-4238294 Email: nayasaktinepal.headoffice@gmail.com, website: www.nayashaktinepal.org